जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०८२ साउन ११ गते

**३१ औं "प्रकाश मानव अधिकार पुरस्कार" सुनिलकुमार यादवलाई**



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा इन्सेकका संस्थापक महासचिव अथक मानव अधिकार योद्धा प्रकाश काफ्लेको स्मृतिमा स्थापना गरिएको "प्रकाश मानव अधिकार पुरस्कार" यस वर्ष चुरे तथा वन-जंगल संरक्षण अभियानका संयोजक सुनिलकुमार यादवलाई प्रदान गरिने निर्णय गरिएको छ । इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलको संयोजकत्वमा गठित प्रकाश मानव अधिकार पुरस्कार छनोट समितिले सो निर्णय गरेको हो । समितिमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य डा. सूर्यप्रसाद ढुंगेल र अधिकारकर्मी गंगा कसजु सदस्य हुनुहुन्थ्यो ।

बारा जिल्लाको सिम्रौनगढ नगरपालिका-२ मौवाही निवासी यादव सन् २०७४ सालदेखि चुरे संरक्षण र वातावरणीय अधिकारका विषयमा निरन्तर सक्रिय रहँदै आउनु भएको छ। चुरे क्षेत्रको दोहनका कारण मधेस प्रदेशमा देखा परिरहेका जलवायु तथा वातावरणीय असरबारे सरकार र सरोकारवालाको ध्यानाकर्षण गराउन उहाँले विभिन्न सचेतनामूलक कार्यक्रम, अभियान र पैरवी गर्दै आउनुभएको छ।

यस वर्ष पुरस्कारका लागि सार्वजनिकरूपमा आहवान गरिएअनुसार प्राप्त ४० जना योग्य मनोनयनहरूमध्येबाट एकजनाको छनोट गर्नु चुनौतीपूर्ण कार्य थियो। तर, निष्कलङ्क र निःस्वार्थ भावनाबाट प्रेरित, वातावरण संरक्षणमा समर्पित अभियानको नेतृत्व गर्दै आउनु भएका यादवको योगदानलाई सम्मान गर्नु आजको आवश्यकता हो भन्ने ठहर इन्सेकले गरेको छ। प्रतिकूल परिस्थितिहरूको बेवास्ता गर्दै, निर्भीकताका साथ अघि बढाइएको अभियानले वातावरणीय अधिकारकर्मीहरूलाई थप प्रेरणा प्रदान गरेको विश्वास गरिएको छ।

वातावरण अधिकारका क्षेत्रमा सम्झौतारहित सङ्घर्ष गर्दै आउनु भएका यादवको कार्यले जनचेतनामा उल्लेख्य उर्जा थपेको छ। इन्सेक उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँको अभियानको सफलताको शुभकामना व्यक्त गर्दछ । आगामी साउन १६ गते ३३ औं प्रकाश स्मृति दिवसको अवसरमा काठमाडौंमा आयोजना हुने एक समारोहमा पुरस्कृत व्यक्तित्व यादवलाई नगद ५० हजार सम्मानपत्र र इन्सेकको प्रतीक चिन्ह प्रदान गरिनेछ ।

**डा. कुन्दन अर्याल**
**अध्यक्ष**

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं,
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल,
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१,
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org